# संस्था दर्ताकालागिः प्रकृया र विद्यानको नमुना

२०७७/०९/०३

प्रकृया :

१. निवेदन : नमुना संलग्न छ ।
२. विद्यान : नमुना संलग्न छ ।
३. तदर्थ भेलाको निर्णय ।
४. स्थानीय तहको सिफारिस ।
५. तदर्थ/कार्य समितिका पदाधिकारीहरुको नागरिकता
६. वैयक्तिक विवरण (Bio-data)

श्री स्थानीय अधिकारीज्यू
जिल्ला प्रशासन कार्यालय, धनुषा ।

टिकट
रु.१०।-

बिषय : संस्था दर्ता गरि पाउँ ।

हामीले.................................................................................................... नामको सामाजिक संस्था खोल्न चाहेकोले संस्था दर्ता ऐन २०३४ बमोजिम रु.१० को टिकट टाँसी प्रस्तावित विधान, पदाधिकारीहरुको नागरिकताको प्रमाणित प्रतिलिपी, व्यक्तिगत विवरण, तदर्थ भेलाको निर्णय, स्थानीय तहको सिफारिस यसै साथ संलग्न गरी देहायको विवरण खुलाई निवेदन गरेको छौं ।

**विवरण**

१. संस्थाको नाम :-

२. संस्थाको ठेगाना :- .................. जिल्ला............................उ.म.न.पा./गा.पा./न.पा. वार्ड नं...........

३. संस्थाको मुलभूत उद्देश्य : ......................................................................................
......................................................................................
......................................................................................

४. संस्थाको आर्थिक स्रोत : ...........................

५. प्रवन्ध समितिको पदाधिकारी :

| क्र.सं. | पद | नाम,थर | ठेगाना | पेशा | दस्तखत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |

मिति :

भवदीय

.........................
(संस्थाको अध्यक्ष)

........................................................................को

विधान, २०...............

# प्रस्तावना

.........................................................................

**परिच्छेद-१**
**प्रारम्भ**

**१. संस्थाको नाम :**.........................................................। अंग्रेजीमा ........................................ रहने छ। यसको छोटकारी स्वरुप................../..........................हुनेछ।

**२. संस्थाको कार्यालय रहने ठेगाना र कार्यक्षेत्र :**

(क) संस्थाको कार्यालय:

..................जिल्ला...................उ.म.न.पा./न.पा./गा.पा. वडा नं. ...................ब्लक नं.......................मा रहने छ।

(ख) संस्थाको कार्यक्षेत्र :

......................जिल्ला ................................ उ.म.न.पा./न.पा./गा.पा. वडा नं...... तथा जिल्ला भर हुनेछ र संबन्धित स्थानीय अधिकारीको स्वीकृति लिई अन्य जिल्लामा पनि कार्यक्षेत्र विस्तार गर्न सकिनेछ।

**३. परिभाषा:-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

(क) संस्था भन्नाले यसै विधान बमोजिम दर्ता भएको संस्था भन्ने बुझ्नु पर्दछ।

(ख) विधान भन्नाले यस संस्थाको स्वीकृत प्राप्त विधान र स्वीकृत प्राप्त संसोधित विधान समेतलाई जनाउेछ।

(ग) पदाधिकारी/सदस्य भन्नाले कार्यसमितिको पदाधिकारी/सदस्यलाई बुझाउनेछ।

(घ) स्थानीय तह भन्नाले संबन्धित उ.म.न.पा./न.पा./गा.पा. भन्ने बुझ्नु पर्दछ ।

(ङ) विषयगत निकाय भन्नाले संबन्धित सरकारी, सार्वजनिक वा अन्य केन्द्रीय स्तर, प्रदेश स्तरिय, क्षेत्रीय, तथा जिल्ला स्तर समेतका कार्यालय वा संस्थालाई जनाउनेछ।

**४. संस्थाको छाप र चिन्ह**

संस्थाको छुट्टै छाप र चिन्ह हुनेछ, अन्य संस्थाको छाप वा चिन्हसँग मेल हुनेछैन ।

## परिच्छेद-२
## उद्देश्य

**५. संस्थाको उद्देश्यः** यस संस्थाको उद्देश्य देहाय बमोजिम हुनेछ-

(क) यो संस्था मुनाफा रहित जनहितकारी, स्वायत्त र व्यक्ति सरह हुनेछ ।
(ख)
(ग)
(घ)
(ङ)
(च)
(छ)
(ज)
(झ)
(ञ)

**६. संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः**

(क) संस्थाले प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित निकायबाट पुर्व स्वीकृति लिनु पर्ने विषयमा अनुमति, इजाजत वा पुर्व स्वीकृति प्राप्त गरेर मात्र उपरोक्त उद्देश्य कार्यान्वयन गरिनेछ,
(ख) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिने छ र कम्प्युटर, टेलिफोन, टाइपराईटर, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ,
(ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्नेछ,
(घ) संस्थाको नाउँमा प्राप्त रकम स्थानीय बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गरि खर्च गरिनेछ ।
(ङ) संस्थानले कुनै किसिमको सिण्डिकेट र कार्टलिङ्ग गर्ने छैन ।

## परिच्छेद-३
## सदस्यता

**७. सदस्यताको वर्गीकरणः-**

(क) साधारण सदस्य
(ख) मानार्थ सदस्य
(ग) आजीवन सदस्य

**८. सबै किसिमको सदस्यता प्राप्तिको लागि आवश्यक योग्यताः-**

(क) १८ वर्ष उमेर पुगेको नेपाली नागरिक ।
(ख) नैतिक पतन देखिने कुनै फौजदारि अभियोगमा सजाय नपाएको ।
(ग) प्रचलित कानुन बमोजिम योग्यता पुगेको ।
(घ) मानार्थ सदस्यताकालागि विशिष्ट योगदान पुर्‍याउने लब्ध प्रतिष्ठित नेपाली नागरिक रहने छन् ।
(ङ) सदस्यता वितरण समावेशी आधारमा गरिनेछ ।

**९. संस्थाको सदस्य नियुक्ति हुन वा वहाल हुन नसक्ने अवस्था:** देहायका कुनै व्यक्ति संस्थाको सदस्य पदमा नियुक्ति हुन सक्ने छैन:-

(क) **दफा ८** को योग्यता नपुगेको ।

(ख) सम्बन्धित संस्थाको व्यवसायमा निजी स्वार्थ भएको,

(ग) सदस्यता शुल्क बुझाउन बाँकी भएको ।

**१०. देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको साधारण, आजिवन वा मानार्थ सदस्यमा वहाल रहने छैन ।**

(क) **दफा ९** बमोजिम सदस्य पदमा नियुक्ति हुन नसक्ने भएमा,

(ख) यस विधान बमोजिम संस्थाले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा साधारण सभाबाट कुल सदस्यको ७५% को बहुमतले संस्थाको साधारण, आजिवन वा मानार्थ सदस्य पदबाट हटाउने प्रस्ताव पास भएमा,

(ग) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा,

(घ) संस्थाको काम कारवाहीमा बेइमानी वा वदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा,
कुनै व्यक्तिलाई संस्थाको सदस्यमा नियुक्ति हुन वा वहाल रहन अयोग्य ठहराउनु भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई सफाईको सवुद पेश गर्ने मौका दिनुपर्नेछ ।

**११. सदस्यता शुल्क, वार्षिक नविकरण शुल्क र सदस्यता प्रदान गर्ने विधि:-**

(क) साधारण सदस्यता: प्रवेश शुल्क रु. .................. वार्षिक नविकरण शुल्क रु. ..............

(ख) आजिवन सदस्यता शुल्क रु. ......................

(ग) मानार्थ सदस्यताका लागि शुल्क लाग्ने छैन,
संस्थापक सदस्यहरुले पनि साधारण वा आजिवन सदस्यता शुल्क तिरि लिनुपर्नेछ ।
सबै सदस्यताको वितरण कार्यसमितिले गर्ने छ र सो को छुट्टाछुट्टै अभिलेख राखिनेछ ।

## परिच्छेद- ४
## साधारण सभा तथा कार्य समिति

**१२. साधारण सभाको गठन, वैठक तथा तत्संबन्धि अन्य व्यवस्था :**

(१) साधारण र आजिवन सदस्यलाई मात्र मताधिकार रहने छ ।

(२) यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ:-

(क) वाषिक साधारण सभा र

(ख) विशेष साधारण सभा

(३) यस संस्थाको प्रथम वार्षिक साधारण सभा संस्था दर्ता भएको ६ महिना भित्र र आ.व. समाप्त भएको मितिले दुई महिनाभित्रमा गरिनेछ र आवश्यकता अनुसार वार्षिक साधारण सभाहरु आर्थिक वर्ष सकिनु २ महिना अघिनै गरि आगामि आ.व.को कार्यक्रम समेत निर्धारण गर्न सम्पन्न गरिने छ ।

(४) यस संस्थाको वार्षिक साधारण सभा गर्नका लागि कम्तिमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तिमा ७ दिन अगावै सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यलाई सूचना दिइने छ ।

(५) उपनियम (४) बमोजिम बोलाइएको साधारण वा विशेष सभामा गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तिमा ७ दिनको म्याद दिई पुन: साधारण वा विशेष सभा बोलाइनेछ ।

(६) विधानमा अन्यथा व्यवस्था भएकोमा वहेक साधारण र आजिवन सदस्यको सामान्यतया ५१ प्रतिशत उपस्थिती नभई गणपुरक संख्या पुगेको मानिने छैन र सामान्यतया बहुमतको निर्णय मान्य हुनेछ । मानार्थ सदस्यलाई मताधिकार रहने छैन । दुई पटक गणपुरक संख्या नपुगेमा लगत्तै तेस्रो पटक बोलाईको साधारण सभामा एक तिहाई पुगेमा सामान्य प्रकृतिको निर्णय गर्न गणपुरक संख्या पुगेको मानिने छ ।

**१३.साधारण सभाका काम, कर्तव्य र अधिकार :**

१. विधानमा भए बमोजिमको कार्य गर्नु ।

२. वार्षिक नीति र कार्यक्रम स्वीकृत गर्नु ।

३. संस्थाको सर्वोच्च निकायको रुपमा रहनु

**१४. कार्य समितिको गठन, वैठक तथा तत्संबन्धि अन्य व्यवस्था :**

(क) कार्य समितिको नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ ।

प्रथम वार्षिक साधारण सभा नभएसम्मको लागि तदर्थ समितिले काम गर्ने छ । संस्थामा निम्न बमोजिम अध्यक्ष तथा सदस्य रहेको ................सदस्यिय कार्य समिति रहनेछ ।

१. अध्यक्ष

२. उपाध्यक्ष

३. सचिव

४. सहसचिव

५. कोषाध्यक्ष

६. सदस्य......................

(ख) कार्य समितिको कार्यकाल वर्षको हुनेछ ।

(ग) वार्षिक साधारण सभा हुनु भन्दा अगावै कुनै कार्य समितिमा रहेको सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिकालागि कार्य समितिका सदस्यको नियुक्ति कार्य समितिद्वारा गर्न सकिनेछ । कुनै सदस्यको पद विचमा रिक्त भएमा सो पदमा नियुक्त भएको सदस्यको कार्यकाल सो सदस्य जुन सदस्य पद रिक्त भई नियुक्त भएको सो को बाँकी कार्यकालसम्मका लागि मात्र हुनेछ ।

(घ) कार्य समितिको वैठक आवश्यकतानुसार कार्य समितिको अध्यक्षले बोलाउनेछ । जम्मा सदस्य संख्याको २५ प्रतिशत सदस्यले माग गरेमा अध्यक्षले कार्य समितिको वैठक बोलाउनुपर्नेछ ।

(ङ) कार्य समितिको वैठकमा सदस्य स्वयं उपस्थित हुनुपर्नेछ ।

(च) सदस्यहरुको जम्मा संख्याको कम्तिमा ५१ प्रतिशत सदस्यहरु उपस्थित नभई कार्य समितिको वैठक हुने छैन ।

(छ) कार्य समितिको वैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा वैठकमा उपाध्यक्ष वा उपस्थित सदस्यहरुले छानेको सदस्यले अध्यक्षता गर्नेछ ।

(ज) कार्य समितिको वैठकमा वहुमतको निर्णय मान्य हुनेछ र मत बरावर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

(झ) कार्य समितिको वैठकमा छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माइन्युट) छुट्टै कितावमा लेखी राख्नुपर्नेछ र सो निर्णय विवरणमा वैठकमा उपस्थित सम्पूर्ण सदस्यहरुको कम्तिमा ५१ प्रतिशतले सही गर्नुपर्नेछ ।

(ञ) माथिका उपनियमहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि कार्य समितिले गर्न पाउने कुनै कामको सम्बन्धमा कार्य समितिका सवै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिको निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम वैठक विना पनि गर्न सकिने छ ।

(ट) संस्थाले गर्ने भनिएको सम्पूर्ण कार्य विधान बमोजिम कार्य समितिको निर्णयबाट हुनेछ ।

(ठ) कार्यसमितिले सल्लाहकार वा अन्य उपयुक्त विषयको समिति वा उपसमिति गठन गर्न सक्नेछ ।

(ड) अध्यक्षले उपाध्यक्ष समक्ष र अन्य पदाधिकारीले अध्यक्ष समक्ष दिएको राजिनामा कार्यसमितिको निर्णयबाट स्वीकृत हुनेछ ।

**१५. कार्य समितिको काम, कर्तव्य र अधिकार:**

(क) संस्थाको उद्देश्य प्राप्तिकालागि प्रचलीत कानूनको अधिनमा रही नीति र कार्यक्रम तर्जूमा गरी साधारण वा विशेष सभाको निर्णय वा स्वीकृत नीति र कार्यक्रम अनुरुप कार्यान्वयन गर्नु ।

(ख) विधानमा भएको व्यवस्था अनुरुप संस्थाकोलागि कार्य गर्नु ।

(ग) आवश्यक्ता अनुरुप विधान बमोजिम कार्य विभाजन गर्नु ।

(घ) संस्थाको वार्षिक नविकरण गराउनु ।

(ङ) साधारण सभा प्रति उत्तरदायि हुनु ।

**१६. पदधिकारीहरुको काम, कर्तव्य र अधिकार**

**(क) अध्यक्ष:-**

(क) संस्थाको नेतृत्वदायी भुमिकाको निर्वाह गर्नु ।

(ख) वैठक तथा सभाको अध्यक्षता गर्नु ।

(ग) प्रतिनिधित्व गर्नु वा प्रतिनिधि तोक्नु ।

(घ) विधान बमोजिमको अन्य कार्यहरु गर्नु ।

**(ख) उपाध्यक्ष:-**

(क) अध्यक्षको काममा सहयोग पुऱ्याउनु ।

(ख) अध्यक्षको अनुपस्थितीमा निजको कार्य गर्नु ।

(ग) अध्यक्षद्वारा प्रत्यायोजित आर्थिक अधिकार बहेक अन्य कार्य गर्नु ।

**(ग) सचिव:-**

(क) अध्यक्षको निर्देशनमा वैठक वा सभा बोलाउनु ।

(ख) माइनुट तथा अभिलेख दुरुस्त राख्नु ।

(ग) पत्राचार गर्नु ।

(घ) कार्यालय सञ्चालन गर्नु ।

**(घ) सहसचिव:-**

(क) सचिवलाई सघाउनु र निजको अनुपस्थितिमा सचिवको कार्य गर्नु ।

**(ङ) कोषाध्यक्ष:-**

(क) संस्थाको हर हिसाब र श्रेस्ता दुरुस्त राख्नु ।

(ख) कार्यक्रम र प्रगति वैठक, सभा तथा सम्बन्धित निकायमा पेश गर्नु ।

(ग) विधान बमोजिमको अन्य कार्य गर्नु ।

**(च) सदस्य:-**

(क) कार्यसमितिको वैठकमा समेत सक्रियरुपले भागलिई संस्थाको हित हुने कार्य गर्नु ।

(ख) विधान बमोजिमको अन्य कार्य गर्नु ।

## परिच्छेद-५
## आर्थिक प्रवन्ध

**१७. संस्थाको कोष:-**

(१) संस्थाको चल अचल सम्पत्ति भएको आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिम प्राप्त रकम, जिन्सी तथा चल अचल सम्पत्ति रहने छन् ।

(क) सदस्यता तथा नविकरण शुल्क वापत प्राप्त रकम ।

(ख) कसैले स्वेच्छाले दिएको अनुदान रकम, दायित्व, जिन्सी तथा चल अचल सम्पत्ति ।

(ग) संस्थाको सेवा शुल्क वापतको रकम ।

(२) विदेशी संघसंस्था वा निकायबाट अनुदान, रकम, प्रविधिक वा अन्य सहयोग लिने भए संस्थाले नेपाल सरकार, समाज कल्याण परिषद्को पूर्व स्वीकृति लिनुपर्नेछ ।

**१८. खाता संचालन:** संस्थाको नाउँमा अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट स्थानीय वैंकमा खाता संचालन हुनेछ ।

प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था मिलाउनुपर्ने छ ।

**१९. संस्थाको लेखा र लेखा परिक्षण तथा प्रगति प्रतिवेदन :**

(१) संस्थाको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिने छ ।

(२) संस्थाको लेखा परिक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखापरिक्षबाट हुनेछ ।

(३) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखत पनि संस्थाको हिसाव किताव जाँच्न वा जँचाउन सक्नेछ ।

(४) लेखा परिक्षकको नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ ।
तर प्रथम पटक साधारण सभा नभएसम्म लेखा परिक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।

(५) स्थानीय अधिकारी, स्थानीय निकाय, सम्वद्ध विषयगत निकाय तथा समाजकल्याण परिषद समक्ष नियमित रुपमा लेखा तथा प्रगति प्रतिवेदन प्रस्तुत गरिनेछ ।

## परिच्छेद-६
## निर्वाचन

**२०.उम्मेदवार हुने योग्यता:-**

(क) विधान बमोजिमको योग्यता पुगेको ।

(ख) साधारण वा आजिवन सदस्यता वहाल रहेको ।

(ग)

**२१. कार्यसमितिले ३ सदस्यिय निर्वाचन समिति गठन गर्ने छ ।** समितिले निर्वाचन सम्वन्धि मान्य सिद्धान्त र तरिका अनुरुप निर्वाचन सम्पन्न गर्नेछ ।

## परिच्छेद-७
## विविध

**२२. विधान संशोधन:-**

कुल सदस्य संख्याको दुई तिहाई सदस्यहरुले अनुमोदन गरे पश्चात् मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजका लागि स्थानीय अधिकारी समक्ष सिफारिश गरी पठाउनु पर्नेछ । स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात् मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिने छ ।

**२३. नियम वा विनियम बनाउन सक्ने:-** संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा साधारण सभाको स्वीकृतिले विधानको परिधि भित्र रहि आवश्यक नियम वा विनियम बनाउन सक्नेछ र सो को जानकारी स्थानीय अधिकारीलाई दिनुपर्नेछ ।

२४. **अविश्वासको प्रस्तव :** कम्तिमा १ चौथाई साधारण सभाको सदस्यको कारण सहितको प्रस्तवमा कार्यसमितिका पदाधिकारी उपर अविश्वासको प्रस्तव पेश गरिनेछ । बहुमतको निर्णयबाट सो प्रस्ताव पारित हुनेछ तर यसमा सफाईको मौका दिइनेछ । ६ महिना नपुगि सोहि पदाधिकारी उपर अविश्वासको प्रस्ताव ल्याइने छैन ।

२५. **तदर्थ समितिः-** यो संस्था स्थापना गरी दर्ता गराउनेको लागि गठित तदर्थ समितिले संस्था दर्ता भएको ६ महिनाभित्र विधान अनुसारको कार्य समितिको गठन गर्नुपर्नेछ । सो अवधि अघि कार्य समितिले गरेका कामहरु यसै विधान अनुसार भएको मानिने छ ।

२६. **संस्था खारेजीः**

(१) प्रचलित कानून बमोजिम वा साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेज हुन वा गर्न सक्नेछ । संस्था खारेजी भए पश्चात संस्थाको बक्यौता फर्छ्यौट गरि बाँकी सम्पत्ति नेपाल सरकारको हुनेछ ।

(२) संस्था खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एकभन्दा बढी लिक्विडेटरहरु र संस्थाको हिसाब किताब जाँच गर्नका लागि एक वा एकभन्दा बढी परिक्षकहरु नियुक्त गर्न सक्नेछन् । लिक्विडेटर र लेखापरीक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।
सो बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरिक्षकले संस्था खारेजी सम्बन्धी काम कारवाही गर्नेछन् ।

२७. **ऐन अनुसार हुनेः** यस विधानमा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ र संस्था दर्ता ऐन, नियम र प्रचलित कानूनसँग बाझिन गएका कुराहरु स्वतः निष्कृय हुनेछन् ।

२८. **निर्देशनको पालना :** नेपाल सरकार वा स्थानीय अधिकारीले दिएका निर्देशनहरु पालना गरिनेछ ।

२९. **हामी निम्न संस्थापकहरु यस विधान बमोजिम कार्य गर्न मञ्जुर भै निम्न साक्षीको रोहवरमा विधानमा सहिछाप गर्दछौ ।**

| संस्थापकको पद, नामथर, ठेगाना र दस्तखत | साक्षीको नाम, थर, ठेगाना र दस्तखत |
|---|---|
| १. | १. |
| २. | २. |
| ३. | ३. |
| ४. | ४. |
| ५. | ५. |
| ६. | |
| ७. | |
| ८. | |